# विशेष साधारण सभा

## ३० फाल्गुण २०७२

कामना विकास बैंक लिमिटेड र कास्की फाइनान्स लिमिटेड
एक आपसमा गाभिएर राष्ट्रियस्तरको विकास बैंक हुने
सम्बन्धमा सञ्चालक समितिको प्रतिवेदन

KAMANA BIKASH BANK Ltd.

कामना विकास बैंक लि.

(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था १० जिल्ला कार्य क्षेत्र भएको)

Partner for Advancement

# सञ्चालक समिति

राजेन्द्रनिधि कोइराला
अध्यक्ष

चतुराखर अधिकारी
सञ्चालक

खेमनाथ भट्टराई
सञ्चालक

देवकृष्ण काफ्ले
सञ्चालक

विष्णुराज पराजुली
सञ्चालक

रामकाजी श्रेष्ठ
सञ्चालक–सर्वसाधारण

देवान गुरुङ
सञ्चालक–सर्वसाधारण

रामकुमार पिया
सञ्चालक–सर्वसाधारण

कामना विकास बैंक लिमिटेडको

# विशेष साधारण सभा सम्बन्धी सूचना

यस कामना विकास बैंक लिमिटेडको मिति २०७२/११/१४ गते वसेको संचालक समितिको वैठकको निर्णय अनुसार यस विकास बैंकको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा तपशीलका विषयहरुमा छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा सभामा उपस्थितिको लागि शेयरधनी महानुभावहरु समक्ष हार्दिक अनुरोध गर्दछु ।

**सभा वस्ने मिति,समय र स्थान :**

मिति : २०७२/११/३० गते, आइतबार (तद्नुसार १३ मार्च, २०१६)

समय : बिहान ९:३० बजे

स्थान : होटल पोखरा ग्राण्ड, पार्दी विरौटा, पोखरा ।

**छलफलका विषयहरु :**

(क) **सामान्य प्रस्तावहरु :**

१) विशेष साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(ख) **विशेष प्रस्तावहरु :**

१) विकास बैंकको अधिकृत पूँजी बृद्धि गर्ने ।

२) विकास बैंकको जारी पूँजी एवं चुक्ता पूँजी बृद्धि गर्ने ।

३) कामना विकास बैंक लि. मा कास्की फाइनान्स लि. गाभ्ने (मर्ज गर्ने) प्रयोजनको लागि मूल्याङ्कनकर्ताबाट प्राप्त चल अचल सम्पत्ति र दायित्वको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) तथा अन्य सम्बद्ध विषयहरुको आधारमा निर्धारित गरिएको शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) पारित गरी मर्जरलाई अन्तिम स्वीकृति प्रदान गर्ने ।

४) कामना विकास बैंक लि. मा कास्की फाइनान्स लि. गाभ्ने (मर्ज गर्ने) प्रयोजनको लागि ५ वर्षको व्यवसायिक योजना तथा प्रक्षेपण (Business Plan and Projection), चल अचल सम्पत्ति र दायित्व मूल्याङ्कन (DDA) गर्न संयुक्त मर्जर समितिबाट भएको लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक एवम् गाभ्ने गाभिने सम्बन्धमा भएका सहमति पत्र, सम्झौताहरुको अनुमोदन गर्ने ।

५) विकास बैंकको वर्तमान सञ्चालक समितिको सदस्यहरुको कार्यकाल जतिसुकै बाँकी भएतापनि गाभ्ने/गाभिने कार्य सम्पन्न भई नयाँ सञ्चालक समितिको गठन भए पश्चात् विद्यमान सञ्चालकहरुको बाँकी कार्यकाल स्वतः समाप्त भएको मानिने साथै मर्जर पश्चात बन्ने नयाँ सञ्चालक समितिको कार्यकाल समेत अर्को साधारण सभा

नभएसम्मको लागि कायम रहने प्रस्ताव पारित गर्ने ।

६) कामना विकास बैंक लि. मा कास्की फाइनान्स लि. गाभिएपछि गठन हुने सञ्चालक समितिमा यस विकास बैंकको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरु चयन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने तथा कास्की फाइनान्स लि. बाट चयन भई आउनु हुने सञ्चालकहरुलाई पदस्थापना एवम् अनुमोदन गर्ने अधिकार सञ्चालक समितिलाई प्रदान गर्ने ।

७) कामना विकास बैंक लि. मा कास्की फाइनान्स लि. गाभिएपछि वन्ने राष्ट्रिय स्तरको विकास बैंकको नाम कामना विकास बैंक लिमिटेड (Kamana Bikas Bank Limited) हुने तथा लोगो कास्की फाइनान्सको रहने प्रस्ताव पारित गर्ने ।

८) कामना विकास बैंक लि. मा कास्की फाइनान्स लि. गाभ्ने सम्बन्धमा नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संसोधन गर्न कुनै निर्देशन दिएमा सो समेत मिलाई संसोधन गर्न तथा मर्जर सम्बन्धमा गर्नु पर्ने अन्य सम्पूर्ण कार्यहरु गर्नको लागि नयाँ सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

९) विकास बैंकको प्रबन्ध पत्र र नियमावलीको संसोधन गर्ने तथा प्रस्तावित संसोधनमा नियमनकारी नियकायहरुबाट कुनै फेरवदल गर्न सुझाव भएमा सो सुझाव अनुसार फेरबदल गर्न विकास बैंकको सञ्चालक समिति लाई अख्तियारी दिने ।

१०) भविश्यमा उपयुक्त बैंक वित्तीय संस्था सँग गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Acquisition) सम्बन्धी प्रस्ताव पारित गर्ने र सो सम्बन्धी कार्यको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

# विशेष साधारण सभा सम्बन्धी सामान्य जानकारी :

(१) यस विकास बैंक र कास्की फाईनान्स लि. एक आपसमा मर्ज हुने प्रयोजनको लागि शेयर दाखिला खारेजको काम मिति २०७२/०४/१८ गते वाट वन्द रहेको छ। मिति २०७२/०४/१७ गते सम्म नेपाल स्टक एक्सचेञ्ज लि. मा कारोवार भई नामसारीमा पठाउन बाँकी लगानीकर्ताहरुलाई २०७२/११/२३ गते भित्र यस विकास बैंकको शेयर रजिष्ट्रार श्री ग्रोमर मर्चेन्ट बैंकर लिमिटेड, दरवारमार्ग, काठमाण्डौमा नामसारीका लागि पठाई प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता कितावमा कायम भएका शेयरधनीहरुले यो विशेष साधारण सभामा भाग लिन सक्नेछन्।

(२) विशेष साधारण सभामा छलफल हुने विषयहरु सहितको सूचना एवम् सञ्चालक समितिको प्रतिवेदन शेयरधनी महानुभावहरुको ठेगानामा पठाईने छ। कुनै शेयरधनी महानुभावहरुले उक्त सूचना नपाउनु भएमा यसै सूचनाको आधारमा साधारण सभामा उपस्थित हुन अनुरोध छ। सञ्चालक समितिको प्रतिवेदनको लागि विकास बैंकको वेवसाईट www.kamanabank.com.np हेर्नुहुन वा विकास बैंकको केन्द्रीय कार्यालय पोखरा-८, सृजनाचोक कास्की वा ग्रोमोर मर्चेन्ट बैंकर लि. दरवारमार्ग काठमाण्डौमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

(३) शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका साधारण सभा हुने दिन विहान ९:०० बजे देखि खुल्ला गरिने छ। साधारण सभामा भाग लिन आँउदा शेयरधनी महानुभावहरुले प्रवेशपत्र अथवा शेयर प्रमाणपत्र अनिवार्य रुपमा साथमा ल्याउनु हुन अनुरोध छ।

(४) प्रोक्सी फाराम (प्रतिनिधि नियुक्ती पत्र) सभा सुरु हुने भनी तोकिएको समय भन्दा कम्तीमा ४८ घन्टा अगावै विकास बैंकको केन्द्रीय कार्यालयमा कारोवार समयभित्र दर्ता गरी सक्नु पर्ने छ। त्यसरी प्रतिनिधि नियुक्त गरिसके पछि उक्त प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि मुकरर गरी सभा सुरु हुने भनी तोकिएको समय भन्दा कम्तीमा ४८ घन्टा अगावै विकास बैंकको केन्द्रीय कार्यालयमा कारोवार समयभित्र दर्ता गरेमा वा आफू स्वयं साधारण सभामा विधिवत् उपस्थित हुन आएमा त्यस्तो शेयरधनीले गरी दिएको अघिल्लो प्रोक्सी फाराम स्वत बदर हुनेछ।

(५) नावालक शेयरधनीको तर्फबाट संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र सभामा भाग लिन सक्ने छ । आँफु संरक्षक भएको शेयरवालाको वाहेक अरु शेयरधनीको प्रतिनिधि (प्रोक्सी) भै सभामा भाग लिन पाइने छैन ।

(६) छलफलका विषय मध्ये विविध शीर्षक अन्तर्गत प्रस्ताव भएमा छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा ७ दिन अगावै छलफलको विषय सञ्चालक समितिका अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ ।

# प्रोक्सी फाराम

श्री संचालक समिति
कामना विकास बैंक लिमिटेड,
पोखरा-८, सृजनाचोक, कास्की ।

## विषय : प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको बारे ।

महोदय,

........................ जिल्ला ........................... न.पा./गा.वि.स., वडा नं. ......... बस्ने म/हामी .................................................... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले मिति २०७२ साल फाल्गुण ३० गतेका दिन हुने विशेष साधारण सभामा म/हामी स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका .............................................. जिल्ला .................................. न.पा./गा.वि.स. वडा नं. ........ बस्ने श्री ...................................................... लाई मेरो/हाम्रो प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी पठाएको छु/छौं ।

**प्रोक्सी पाउनेको**

दस्तखत :...................................
नाम :.......................................
ठेगाना :....................................
शेयरधनी नं.................................
मिति :.......................................

**निवेदक**

दस्तखत :......................................
नाम :..........................................
ठेगाना :.......................................
शेयरधनी नं....................................
मिति :..........................................

(द्रष्टव्य : यो निवेदन विशेष साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घन्टा अगावै कम्पनीको केन्द्रीय कार्यालय पोखरा-८, सृजनाचोक, कास्कीमा पेश गरिसक्नु पर्नेछ ।)

..............................................................................................................

## प्रवेश-पत्र

शेयरधनीको नाम : ...................................................................
शेयर क्रमसंख्या नं : ..............................................................
शेयर संख्या : ..........................................................................
शेयरधनीको दस्तखत :..............................................................
विशेष साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र

**द्रष्टव्य :**

१. यो प्रवेश-पत्र सभाकक्षमा प्रवेश गर्दा र साधारण सभा सम्पन्न नहुन्जेल अनिवार्य रुपममा साथमा राख्नु होला ।
२. प्रवेश-पत्रको खाली स्थान शेयरधनी स्वयंले भर्नुहुन अनुरोध छ ।

# कामना विकास बैंक लि.को विशेष साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन ।

आदरणीय शेयरधनी महानुभावहरु,
यस कामना विकास बैंक लि.को विशेष साधारण सभामा पाल्नु भएका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समिति र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्न चाहन्छु । बैंकलाई अझ बढी सवल, सक्षम एवम् प्रतिस्पर्धी बनाउनको लागि अपनाउनुपर्ने भावी रणनीति, कार्य दिशाका सन्दर्भमा यहाँहरुको अमूल्य राय, सल्लाह तथा सुझाव सहित यस विशेष साधारण सभामा सक्रिय सहभागिता जनाई सदाझैं सारभूत रुपमा मार्गदर्शन प्रदान गर्नु हुनेछ भन्ने आशा एवम् विश्वास लिएको छु ।

विगतका वर्ष झैं आर्थिक वर्ष २०७२।७३ को सुरुदेखि नै बैंकिङ्ग क्षेत्रमा अधिक तरलताको अवस्था विद्यमान रह्यो । यसको कारण निक्षेप तथा कर्जाको व्याजदरमा गिरावट आयो । विनाशकारी भुकम्प एवम् अघोशित नाकावन्दीका कारण देशको अर्थतन्त्रमा झनै जटिलता थपिएको छ । विषम परिस्थितिका बावजुद पनि यस विकास बैंकले आजका दिनसम्म गरेका प्रगतिहरु अत्यन्त उत्साहजनक रहेका छन् ।

बैंक तथा वित्तीय संस्थाहरुको पूँजी बृद्धि गरी थप प्रतिस्पर्धी बनाई वित्तीय स्थायित्व अभिबृद्धि गर्न मर्जरलाई अवलम्वन गरिएकोमा बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने सम्बन्धी विनियमावली २०६८ कार्यान्वयनमा आएपछि मर्ज हुने बैंक तथा वित्तीय संस्थाहरुको संख्या वढ्दै आएको छ । मौद्रिक नीति २०७२ ले व्यवस्था गरेको पूँजी बृद्धिले समेत मर्जलाई थप प्रोत्साहन गरेको छ । २०७२ पौष मसान्त सम्म ८३ वटा बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा मर्ज भई ३१ वटा संस्था बनेका छन् भने थुप्रै संस्थाहरु मर्जर/एक्विजिसनको प्रकृयामा रहेका छन् ।

यस बैंकलाई प्रतिस्पर्धी बनाउन, जोखिम न्यूनीकरण गर्न तथा ठूला परियोजनाहरुमा लगानीको लागि सामर्थ्य बनाउन पूँजी बृद्धि अपरिहार्य रहेको तथा पूँजी बृद्धि, कार्यक्षेत्र विस्तार, व्यवसाय विस्तारको लागि मर्जर उपयुक्त विकल्प भएको महसुस गरी बैंकको मिति २०६८।०९।१८ मा सम्पन्न पाँचौ वार्षिक साधारण सभाबाट उपयुक्त बैंक वित्तीय संस्थासँग मर्ज गर्न अख्तियारी गरे वमोजिम सञ्चालक समितिले विभिन्न बैंक वित्तीय संस्थासँग मर्ज गर्नको लागि पहल गर्दै आएको थियो । यसै क्रममा श्री खेमनाथ भट्टराई संयोजक तथा श्री गणेश बहादुर श्रेष्ठ र

श्री रविन्द्र अधिकारी सदस्य रहेको मर्जर समिति एवम् बैंकको सञ्चालक समितिको निर्णय बमोजिम पोखरामा केन्द्रीय कार्यलय रहेको राष्ट्रियस्तरको कास्की फाइनान्स लिमिटेडसँग मर्ज गर्न २०७२ श्रावण १८ गते आपसी समझदारी पत्र (MOU) मा हस्ताक्षर गरी नेपाल राष्ट्र बैंकमा निवेदन दिई मर्जर प्रक्रिया अगाडि बढाएकोमा नेपाल राष्ट्र बैंकबाट मिति २०७२।०७।२४ मा मर्जको लागि सैद्धान्तिक सहमति पत्र (Letter of Intent) प्राप्त भई मर्जर प्रक्रिया अगाडि बढी रहेको शेयरधनी महानुभावहरुलाई अवगत नै छ।

यस विकास बैंक र आज भन्दा ८ वर्ष अगाडि पोखरा न्यूरोडमा केन्द्रीय कार्यालय राखी स्थापना भएको कास्की फाइनान्स लि. को चुक्ता पूँजी, निक्षेप संकलन, कर्जा प्रवाह एवम् शाखा संख्या, प्रतिफल लगायतका कुराहरु लगभग उस्तै उस्तै-रहेको तथ्य तुलनात्मक वित्तीय विवरणबाट स्पष्ट हुन्छ। दुवै संस्थाहरुको संस्थागत सुशासन, कार्य सञ्चालन पद्धति राम्रो रहेको, प्रतिफल राम्रो रहेको तथा शाखा कार्यालयहरु नदोहोरिएकाले मर्जर पश्चात् बन्ने बैंक देशकै सवल र सक्षम विकास बैंकको रुपमा स्थापित भई अगाडि बढ्ने कुरामा हामी पूर्ण विश्वस्त छौं।

बैंकको आर्थिक वर्ष २०७१।७२ पौष मसान्त र २०७२।७३ पौष मसान्तका वित्तीय विवरणहरु निम्नानुसार तुलनात्मक रुपमा प्रस्तुत गर्दछु।

(रकम रु हजारमा)

| विवरण | आ.व.२०७१/७२ पौष मसान्त | आ.व.२०७२/७३ पौष मसान्त | वृद्धि प्रतिशत |
|---|---|---|---|
| कुल सम्पति | ३,२१३,६७९।४७ | ३,९४५,२५४।०९ | २२।७६% |
| निक्षेप संकलन | २,७६४,८४९।१६ | ३,४०६,१०८।६२ | २३।१९% |
| कर्जा लगानी | २,१९८,७८८।४९ | २,७४४,६३०।०९ | २४।८२% |
| व्याज आम्दानी | १५३,९८६।६९ | १७२,८३७।२८ | १२।२४% |
| व्याज खर्च | ८४,५२०।५९ | ८९,७०४।१९ | ६।१३% |
| कुल संचालन आम्दानी | १६७,९८६।०३ | १८७,३०४।१७ | ११।५०% |
| कुल संचालन खर्च | १०९,३३७।०१ | ११८,६५६।३४ | ८।५२% |
| कर अगाडिको मुनाफा | ५६,०३०।१३ | ६८,५८८।६७ | २२।४१% |
| खुद मनाफा | ३५,६५५।५३ | ४३,६४७।३३ | २२।४१% |
| प्रति शेयर आम्दानी | २५.६२% | २५.५८% | – |

आ.व. २०७१।७२ पौष मसान्त र २०७२।७३ पौष मसान्तलाई तुलनात्मक रुपमा हेर्दा निक्षेपमा २३।१९%, कर्जा लगानीमा २४।८२% र खुद मुनाफामा २२।४१% ले बृद्धि भएको छ।

आर्थिक वर्ष २०७२।७३ पौष मसान्त सम्मको कामना विकास बैंक लि. र कास्की फाइनान्स लि. को प्रमुख वित्तीय झलकहरु निम्नानुसार रहेका छन् ।

(रकम रु हजारमा)

| क्र. सं. | विवरण | कामना विकास बैंक लि. | कास्की फाइनान्स लि. | जम्मा |
|---|---|---|---|---|
| १. | चुक्ता पूँजी | ३४१,१९५।८० | ३३२,५२८।३० | ६७३,७२४।१० |
| २. | जगेडा कोष | १००,४७६।३२ | ८९,३३६।४१ | १८९,८१२।७३ |
| ३. | कुल निक्षेप | ३,४०६,१०८।६२ | ३,११८,३८८।५९ | ६,५२४,४९७।२१ |
| ४. | कुल कर्जा | २,७४४,६३०।१० | २,६५९,३४८।२१ | ५,४०३,९७८।३१ |
| ५. | ब्याज आम्दानी | १७२,८३७।२९ | १७०,६११।३८ | ३४३,४४८।६७ |
| ६. | ब्याज खर्च | ८९,७०४।१९ | ९८,२५४।८८ | १८७,९५९।०७ |
| ७. | कुल संचालन आम्दानी | १८७,३०४।१७ | १८४,२०९।३१ | ३७१,५१३।४८ |
| ८. | कुल संचालन खर्च | ११८,६५६।३४ | १२५,४८५।९४ | २४४,१४२।२८ |
| ९. | कर र वोनस अगाडिको नाफा | ६८,५८८।६७ | ५९,२५४।९९ | १२७,८४३।६६ |
| १०. | खुद मुनाफा | ४३,६४७।३४ | ३७,७०७।७१ | ८१,३५५।०५ |
| १२. | प्रति शेयर आम्दानी | २५.५८% | २२.६८% | – |
| १३. | खराव कर्जाको प्रतिशत | ०.४२% | ०.४७% | – |
| १४. | पूँजीकोषको पर्याप्तता | १३.७८% | १४.७४% | – |
| १५. | कुल ग्राहक संख्या | ४३,५०३ | २७,४२३ | ७०,९२६ |
| १६. | कुल शेयरधनी संख्या | १३,९०९ | ७,१२६ | २१,०३५ |
| १७. | कुल कर्मचारी संख्या | ७३ | ७५ | १४८ |
| १८. | कुल शाखा संख्या | १० | ११ | २१ |
| १९. | कुल एटिएम संख्या | ७ | २ | ९ |

२०७२ पौष मसान्तमा दुवै संस्थाको जम्मा निक्षेप ६ अर्व ५२ करोड ४४ लाख ९७ हजार, कर्जा लगानी ५ अर्व ४० करोड ३९ लाख ७८ हजार र खुद मुनाफामा ८ करोड १३ लाख ५५ हजार रहेको छ भने मर्जर पश्चात वन्ने नयाँ विकास बैंकको शाखा संख्या २१, ATM को संख्या ९ र कुल कर्मचारी संख्या १४८ हुनेछ ।

कामना विकास बैंक लि. मा कास्की फाइनान्स लि. गाभ्ने सम्बन्धमा तपशील बमोजिम महत्वपूर्ण निर्णयहरु सहित काम अगाडि बढेको यहाँहरुलाई अवगत गराउँदछु ।

**(क) संयुक्त मर्जर समिति :**

मर्जर प्रक्रिया अगाडि बढाउन तथा मर्जरसँग सम्बन्धित कार्यलाई व्यवस्थित गर्न दुवै संस्थाहरुको सहमतिमा निम्नानुसारको संयुक्त मर्जर समिति गठन गरी कार्य हुँदै आएको छ।

| पद | नाम | प्रतिनिधित्व गर्ने संस्था |
|---|---|---|
| संयोजक | श्री खेमनाथ भट्टराई | कामना विकास बैंक लि. |
| सदस्य | श्री देवकृष्ण काफ्ले | कामना विकास बैंक लि. |
| सदस्य | श्री विष्णुराज पराजुली | कामना विकास बैंक लि. |
| सदस्य | श्री चतुराखर अधिकारी | कामना विकास बैंक लि. |
| सदस्य | श्री श्रीराम पाण्डे | कास्की फाइनान्स लि. |
| सदस्य | श्री बाबुराम पन्त | कास्की फाइनान्स लि. |
| सदस्य | श्री दिपकराज सिग्देल | कास्की फाइनान्स लि. |
| सदस्य | श्री उमेश कुमार आचार्य | कामना विकास बैंक लि. |
| सदस्य सचिव | श्री तोयराज अधिकारी | कास्की फाइनान्स लि. |

त्यस्तै मर्जर सम्बन्धी कामलाई थप प्रभावकारी बनाउन विभिन्न उपसमितिहरु समेत गठन गरी कार्य हुँदै आएको छ।

**(ख) सम्पत्ती दायित्वको मूल्याक्तन :**

दुवै संस्थाहरुको सम्पत्ती दायित्व मूल्याङ्कनको लागि संयुक्त मर्जर समितिको निर्णय बमोजिम ABMS & Associates लाई दैनिक भत्ता, भ्रमण भत्ता लगायतका भत्ताहरु समेत गरी एकमुष्ठ रु.४५०,०००।-(अक्षेरुपी चार लाख पचास हजार मात्र) मूल्य अभिबृद्धि कर समेत पारिश्रमिक प्रदान गर्ने गरी नियुक्त गरिएको र निजबाट २०७२ आषाढ मसान्त सम्मको सम्पत्ति दायित्व मूल्याङ्कन (Due Diligence Audit , DDA) प्रतिवेदन प्राप्त भई सकेको छ। उक्त प्रतिवेदनको आधारमा कामना विकास बैंक लि. र कास्की फाइनान्स लि. को प्रति शेयर नेटवर्थ रु. १२०.६७ र रु. ११३.२४ रहेको छ।

**(ग) शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) :**

दुवै संस्थाहरुको सम्पत्ति तथा दायित्व मूल्याङ्कन गरी मूल्याङ्कनकर्ता ABMS & Associates को प्रतिवेदनलाई समेत मध्यनजर गरी दुवै संस्थाहरुको निक्षेप तथा कर्जा कारोवार, शाखा संजाल, Market Area Coverage, Manpower Strength आदि लाई समेत तुलना गरी आपसी समझदारीमा जम्मा चुक्ता पूँजी ६७ करोड ३७ लाख २४ हजार १ सय कायम रहने गरी कामना विकास बैंक लि. का शेयरधनीहरुको १०० कित्ता शेयर बराबर १०१.८३ कित्ता शेयर र कास्की फाइनान्स लि. का शेयरधनीहरुको १०० कित्ता बराबर ९८.१२ कित्ता शेयर कायम हुने

गरी १०१.८३:९८.१२ को शेयर आदान प्रदान अनुपात कायम गर्ने निर्णय भई सोही बमोजिम सिफारिस भएकोले शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) पारित गरिदिनहुन शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्दछु।

(घ) **जनशक्ति व्यवस्थापन** :

नयाँ बन्ने विकास बैंकको प्रमुख कार्यकारी अधिकृत पदमा कास्की फाइनान्स लिमिटेडका वर्तमान प्रमुख कार्यकारी अधिकृत श्री तोयराज अधिकारी र नायव प्रमुख कार्यकारी अधिकृत पदमा कामना विकास बैंक लि. का वर्तमान प्रमुख कार्यकारी अधिकृत श्री उमेश कुमार आचार्य रहनुहुनेछ। दुवै संस्थामा कार्यरत कर्मचारीहरुको मनोवल उच्च रहने गरी एक आपसमा सौहार्दता कायम राखी मिलान गर्न दुवै संस्थाका प्रमुख कार्यकारी अधिकृतहरु सम्मिलित मानव संसाधन उपसमिति गठन गरिएको र सो समितिले विभागीय जिम्मेवारी एवम् मिलान सम्बन्धी अध्ययन विश्लेषण गरी अगाडि बढेको छ। दुवै संस्थामा कार्यरत जनशक्तिलाई कार्य अनुभव, योग्यता र दक्षताका आधारमा जिम्मेवारी एवम् पद मिलान गरी आवश्यक तालिम, कार्यशाला गोष्ठी समेतको आयोजना गरी चुस्तताका साथ एकीकृत कारोवार सञ्चालन गर्नेमा मानव संसाधन उपसमिति विश्वस्त रहेको छ।

(ङ) **मर्जर पश्चात बैंकको पूँजी संरचना** :

| पूँजी विवरण | रकम |
|---|---|
| अधिकृत पूँजी | रु. १,०००,०००,०००।०० |
| जरी पूँजी | रु. ६७३,७२४,१००।०० |
| चुक्ता पूँजी | रु. ६७३,७२४,१००।०० |

(च) **मर्जर पश्चात बैंकको नाम, केन्द्रीय कार्यालय र सञ्चालक समिति** :

मर्जरपछि बन्ने राष्ट्रिय स्तरको विकास बैंकको नाम कामना विकास बैंक लिमिटेड र अंग्रेजीमा Kamana Bikas Bank Limited हुनेछ भने बैंकको लोगो कास्की फाइनान्सको हाल भएको लोगो रहनेछ। बैंकको केन्द्रीय कार्यालय गण्डकी अञ्चल, कास्की जिल्ला, पोखरा उप-महानगरपालिका वडा नं ८, सृजनाचोक (हालको कामना विकास बैंक लि. को केन्द्रीय कार्यालय) मा रहनेछ भने अर्को साधारण सभा नभएसम्म कामना विकास बैंक लिमिटेडको तर्फबाट ४ जना, कास्की फाइनान्स लि. को तर्फबाट ४ जना र व्यवसायिक विशेषज्ञ संञ्चालक १ जना गरी ९ जनाको सञ्चालक समिति हुनेछ भने सञ्चालक समितिका अध्यक्षमा हाल कामना विकास बैंक लि. को सञ्चालक समितिका अध्यक्ष श्री राजेन्द्रनिधि कोइराला रहनु हुनेछ।

**आदरणीय शेयरधनी महानुभावहरु :**

कामना विकास बैंक लि. मा कास्की फाइनान्स लि. गाभिएपछि राष्ट्रिय स्तरको विकास बैंक बन्ने हुँदा स्वभाविक रुपमा संस्थागत सुशासनलाई थप प्रत्याभूत गराउँदै शाखा संजाल विस्तार गरी काठमाडौंलगायत नेपाल अधिराज्यभर गुणस्तरीय एवम् नविन बैंकिङ्ग सेवा प्रवाह गर्दै जाने कुरा विश्वस्त गराउँदछु । यस सम्मानित सभा समक्ष प्रस्तुत गाभ्ने/गाभिने सम्बन्धमा सम्पत्ति दायित्व मूल्याङ्कनकर्ताको नियुक्ति, शेयर आदान प्रदान अनुपात, मर्जर पश्चात् बैंकको नाम, केन्द्रीय कार्यालय, सञ्चालक समिति लगायतका संयुक्त मर्जर समितिले गरेका निर्णयहरु अनुमोदन गरी मर्जर प्रक्रिया पारित गरी मर्जरलाई अन्तिम स्वीकृति प्रदान गरिदिनुहुनको लागि अनुरोध गर्दछु ।

**धन्यवाद ज्ञापन :**

अन्तमा, म सञ्चालक समितिको तर्फबाट यस संस्थाको प्रगति तथा समृद्धिका लागि हरेक क्रियाकलापमा सहयोग, सुझाव तथा अटुट साथ दिइरहनु भएका हाम्रा सम्पूर्ण शेयरधनी महानुभावहरू, ग्राहकवर्ग, शुभचिन्तकहरू तथा सस्ंथाको उत्तरोत्तर प्रगतिका लागि कटिबद्ध भई लाग्नु भएका लगनशील, दक्ष र योग्य व्यवस्थापन समूह तथा कर्मचारी वर्ग सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । सस्ंथाको प्रगतिको लागि निरन्तर सहयोग र मार्ग निर्देशन गर्ने नियमनकारी निकाय नेपाल राष्ट्र बैंक, नेपाल धितो पत्र वोर्ड, नेपाल स्टक एक्सचेञ्ज लि., कम्पनी रजिष्ट्रारको कार्यालय, आन्तरिक राजस्व कार्यालय लगायत सम्पूर्ण सम्बन्धित सरकारी निकायहरू, ग्रोमोर मर्चेन्ट बैंकर लि., गैर सरकारी संघसंस्थाहरूप्रति कृतज्ञता व्यक्त गर्दछु ।
मर्जर प्रक्रिया प्रभावकारी रुपमा सम्पन्न गर्न महत्वपूर्ण योगदान पुर्‍याउनु हुने दुवै संस्थाका शेयरधनीहरु, सञ्चालक समिति, संयुक्त मर्जर समिति एवम् विभिन्न उपसमितिहरुप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु । त्यस्तै, समयमा नै DDA गरी प्रतिवेदन दिनुहुने ABMS & Associates लाई समेत धन्यवाद दिन चाहन्छु ।
आगामी दिनहरुमा पनि यहाँहरु सबैबाट अझ बढी सहयोग तथा सद्भाव पाउने विश्वास लिएको छु ।

धन्यवाद ।

राजेन्द्रनिधि कोइराला
अध्यक्ष
कामना विकास बैंक लिमिटेड

## २०७२ साल पौष मसान्तको

# वासलात (अपरिष्कृत)

| पूँजी तथा दायित्व | पौष २०७२ रु. | आषाढ २०७२ रु. |
|---|---|---|
| १. शेयर पूँजी | ३४१,१९५,८००।०० | ३४१,१९५,८००।०० |
| २. जगेडा तथा कोषहरु | १००,४७६,३२१।६१ | ५६,८२८,९८५।०८ |
| ३. ऋणपत्र तथा बन्ड | - | - |
| ४. तिर्न बाँकी कर्जा सापट | - | - |
| ५. निक्षेप दायित्व | ३,४०६,१०८,६२०।३७ | ३,१४२,४८६,८९४।५५ |
| ६. भुक्तानी दिनुपर्ने विलहरु | २४,९९१।२७ | १,२२४,०५८।५८ |
| ७. प्रस्तावित नगद लाभांश | - | ३,३१०,३०५।२६ |
| ८. आयकर दायित्व | १८,७०६,००१।३८ | २,१२१,५२८।९३ |
| ९. अन्य दायित्व | ७८,७४२,३५५।५४ | ४१,५३३,४०३।५० |
| कुल पूँजी तथा दायित्व | ३,९४५,२५४,०९०।१७ | ३,५८८,७००,९७५।९० |
| | | |
| **सम्पत्ति** | **यस वर्ष रु.** | **गत वर्ष रु.** |
| १. नगद मौज्दात | ४७,३५५,४६१।३५ | ५०,००४,२४४।२८ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १८३,८०२,५०८।४८ | १९८,९५७,११८।०१ |
| ३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ८,१८४,२७३।१६ | २,८७२,२४६।०३ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ८६४,१३६,८९३।५० | ७६०,९६२,८३२।१९ |
| ५. लगानी | १,१००,०००।०० | १,१००,०००।०० |
| ६. कर्जा सापट तथा विल खरिद | २,७४४,६३०,०९९।५१ | २,५२७,३०९,३६०।८२ |
| ७. स्थिर सम्पत्ति | ३७,५१४,१८५।५६ | ३९,५६४,३७४।९२ |
| ८. गैर बैंकिङ सम्पत्ति | - | - |
| ९. अन्य सम्पत्ति | ५८,५३०,६६८।६१ | ७,९३०,७९९।६५ |
| कुल सम्पत्ति | ३,९४५,२५४,०९०।१७ | ३,५८८,७००,९७५।९० |

## मिति १ श्रावण २०७२ देखि ३० पौष २०७२ सम्म

# **नाफा नोक्सान हिसाब** (अपरिष्कृत)

| विवरण | पौष २०७२ रु. | आषाढ २०७२ रु. |
|---|---|---|
| १. व्याज आम्दानी | १७२,८३७,२८६।६५ | ३३०,२६२,७८४।५९ |
| २. व्याज खर्च | ८९,७०४,१९०।१६ | १६७,९७५,५६२।५८ |
| खुद व्याज आम्दानी | ८३,१३३,०९६।४९ | १६२,२८७,२२२।०१ |
| ३. कमिशन तथा डिस्काउण्ट | २,३७५,८५३।३५ | ४,८७२,७७४।६० |
| ४. अन्य सञ्चालन आम्दानी | १२,०९१,०३४।२४ | २४,१८५,६०८।९५ |
| ५. सटही घटबढ आम्दानी | - | - |
| कुल सञ्चालन आम्दानी | ९७,५९९,९८४।०८ | १९१,३४५,६०५।५६ |
| ६. कर्मचारी खर्च | १५,२२४,१५४।७९ | २६,७३३,४५३।५१ |
| ७. अन्य सञ्चालन खर्च | १३,७२७,९९४।४६ | ३०,०५७,७११।९२ |
| ८. सटही घटबढ नोक्सानी | - | - |
| सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा | ६८,६४७,८३४।८३ | १३४,५५४,४४०।१३ |
| ९. सम्भावित नोक्सानी व्यवस्थाहरु | २६,६०७।७५ | ९,९१७,८३४।०१ |
| सञ्चालन मुनाफा | ६८,६२१,२२७।०८ | १२४,६३६,६०६।१२ |
| १०. गैर सञ्चालन आम्दानी/नोक्सान | (३२,५५५।३६) | ३,२४१,३४९।९३ |
| ११. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | - | १२,२२०।२१ |
| नियमित कारोवारबाट भएको मुनाफा | ६८,५८८,६७१।७२ | १२७,८९०,१७६।२६ |
| १२. असामान्य कारोवारहरुबाट भएको मुनाफा /खर्च | - | - |
| सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा | ६८,५८८,६७१।७२ | १२७,८९०,१७६।२६ |
| १३. कर्मचारी बोनस व्यवस्था | ६,२३५,३३३।७९ | ११,६२६,३७९।६६ |
| १४. आयकर व्यवस्था | - | |
| - यस वर्षको | १८,७०६,००१।३८ | ३५,०५७,२१०।०० |
| - गत वर्षसम्मको | - | |
| - यस वर्षको स्थगन कर (आम्दानी)/खर्च | - | (९९,०८८।००) |
| खुद नाफा/नोक्सान | ४३,६४७,३३६।५५ | ८१,३०५,६७४।६० |

# प्रमुख सूचकांङ्क

| | विवरण | सूचकांङ्क | पौष २०७२ | आ.व. २०७१/७२ |
|---|---|---|---|---|
| १. | खुद नाफा/कुल आम्दानी प्रतिशत | प्रतिशत | २३.३० | २२.४२ |
| २. | प्रति शेयर आम्दानी | रु. | २५.५८ | २९.२२ |
| ३. | प्रति शेयर बजार मूल्य | रु. | - | ३३७ |
| ४. | मूल्य आम्दानी अनुपात (PE Ratio) | अनुपात | १२.९० | ११.५४ |
| ५. | शेयर पूँजीमा लाभांश (बोनस सहित) | प्रतिशत | - | २२.६ |
| ६. | शेयर पूँजीमा नगद लाभांश भुक्तानी | प्रतिशत | - | १.१९ |
| ७. | व्याज आम्दानी/कर्जा तथा सापट | प्रतिशत | १२.५९ | १२.८९ |
| ८. | कर्मचारी खर्च/कुल सञ्चालन खर्च | प्रतिशत | १२.८३ | ११.८९ |
| ९. | कुल निक्षेप तथा सापटीमा व्याज खर्च | प्रतिशत | ५.२७ | ५.३५ |
| १०. | सटही घटबढ आम्दानी/कुल आम्दानी | प्रतिशत | - | - |
| ११. | कर्मचारी बोनस/कुल कर्मचारी खर्च | प्रतिशत | ४०.९६ | ४३.४९ |
| १२. | खुद नाफा/कर्जा सापट | प्रतिशत | ३.१८ | ३.१७ |
| १३. | खुद नाफा/कुल सम्पत्ति | अनुपात | २.२१ | २.२७ |
| १४. | कुल कर्जा/निक्षेप | प्रतिशत | ८०.५८ | ८१.५१ |
| १५. | कुल सञ्चालन खर्च/कुल सम्पत्ति | प्रतिशत | ६.०२ | ६.२६ |
| १६. | जोखिम भारित सम्पत्तिमा पूँजीकोषको पर्याप्तता | | | |
| | क. प्राथमिक पूँजी | प्रतिशत | १२.८९ | १२.६३ |
| | ख. पूरक पूँजी | प्रतिशत | ०.८९ | ०.९३ |
| | ग. कुल पूँजी कोष | प्रतिशत | १३.७८ | १३.५७ |
| १७. | तरलता | अनुपात | ५.४० | ६.३३ |
| १८. | निष्कृय कर्जा/कुल कर्जा | प्रतिशत | ०.४२ | ०.२९ |
| १९. | व्याज दर अन्तर (Weighted Average Interest Rate Spread) | प्रतिशत | ६.९४ | ६.८७ |
| २०. | बुक नेटवर्थ | रु. | ४४१,४७४,८५२।५६ | ३९८,०२४,७८५।०८ |
| २१. | कुल शेयर | संख्या | ३,४११,९५८ | ३,४११,९५८ |
| २२. | कुल कर्मचारी | संख्या | ७३ | ७९ |

# संस्थापक शेयरधनीहरूको विवरण

| क्र.सं. | शेयरधनीको नाम, थर | ठेगाना |
|---|---|---|
| १ | भिम प्रसाद गुरुङ्ग | पुम्दी भुम्दी गा.वि.स.१, कास्की |
| २ | अञ्जु गुरुङ्ग | पो.उ.म.न.पा.१७, कास्की |
| ३ | राजेन गुरुङ्ग | पुम्दी भुम्दी गा.वि.स.१, कास्की |
| ४ | चतुराखर अधिकारी | ले.न.पा.७, कास्की |
| ५ | खेमनाथ भट्टराई | ले.न.पा.११, कास्की |
| ६ | एकराज जमरकट्टेल | ले.न.पा.८, कास्की |
| ७ | गोपी नाथ बराल | ले.न.पा.७, कास्की |
| ८ | रवीन्द्रनाथ भट्टराई | ले.न.पा.८, कास्की |
| ९ | दधीराज अधिकारी | छाङ्ग गा.वि.स.४, तनहुँ |
| १० | सुर्य नारायण लामिछाने | पो.उ.म.न.पा.८, कास्की |
| ११ | शान्त कुमार श्रेष्ठ | पो.उ.म.न.पा.९, कास्की |
| १२ | बसन्तप्रसाद पराजुली | पो.उ.म.न.पा.२, कास्की |
| १३ | डा.ओम प्रकाश शर्मा | थापाठाना-७, पर्वत |
| १४ | डा.बेदनाथ शर्मा | ले.न.पा.१०, कास्की |
| १५ | राजेन्द्रनिधि कोइराला | पो.उ.म.न.पा.४, कास्की |
| १६ | भरत राज कोइराला | पो.उ.म.न.पा.४, कास्की |
| १७ | परशुराम कोइराला | पो.उ.म.न.पा.४, कास्की |
| १८ | चक्रपाणी बास्तोला | पो.उ.म.न.पा.९, कास्की |
| १९ | रञ्जु कुमारी गुरुङ्ग | पो.उ.म.न.पा.१, कास्की |
| २० | डा. नरहरि उपाध्याय गौतम | पो.उ.म.न.पा.११, कास्की |
| २१ | विष्णु राज पराजुली | पो.उ.म.न.पा.५, कास्की |
| २२ | दिपकलाल वाटाजु | पो.उ.म.न.पा.९, कास्की |
| २३ | देवकृष्ण काफ्ले | पो.उ.म.न.पा.१, कास्की |
| २४ | अग्निधर पराजुली | पो.उ.म.न.पा.मासवार, कास्की |
| २५ | रश्मी पौडेल | ले.न.पा.१, भण्डारढीक, कास्की |
| २६ | विष्णु प्रसाद गौतम | ले.न.पा.८, शिशुवा, कास्की |
| २७ | गणेश बहादुर श्रेष्ठ | पोखरा-१, बगर, कास्की |
| २८ | रिता भट्टराई | ले.न.पा.८, शिशुवा |
| २९ | पुरुषोत्तम अधिकारी | ले.न.पा.११, बेगनासताल, कास्की |
| ३० | डम्मर बहादुर थापा | ले.न.पा.५, बिजयपुर, कास्की |
| ३१ | रिव बहादुर थापा | पो.उ.म.न.पा.१२, अन्नपूर्ण मार्ग, कास्की |
| ३२ | ऋषिराम सुवेदी | भाचोक-८, मकैखोला, कास्की |
| ३३ | रवीन्द्र अधिकारी | ले.न.पा.११, बेगनासताल, कास्की |

| | | |
|---|---|---|
| ३४ | राजेन्द्र ओझा | ले.न.पा.८, शिशुवा, कास्की |
| ३५ | गणपती ओझा | काठमाण्डौ-१४, कलङ्की |
| ३६ | उपेन्द्र राज सुवेदी | ले.न.पा.८, शिशुवा, कास्की |
| ३७ | निलराज भट्टराई | ले.न.पा.७, शिशुवा, कास्की |
| ३८ | बद्रीनाथ पराजुली | ले.न.पा.१२, गगनगौंडा, कास्की |
| ३९ | लक्ष्मी देवी पाण्डे | भरतपुर-१०, चितवन |
| ४० | लक्ष्मण बास्तोला | ले.न.पा.८, शिशुवा, कास्की |
| ४१ | विष्णु प्रसाद भण्डारी | ले.न.पा.८, शिशुवा, कास्की |
| ४२ | शिव प्रसाद न्यौपाने | ले.न.पा.८, शिशुवा, कास्की |
| ४३ | सुमन घिमिरे | छाङ-१, थर्पु, तनहुँ |
| ४४ | लक्ष्मी भट्टराई | नरीपोखरी पालुङटार-९, गोरखा |
| ४५ | शम्भुलाल श्रेष्ठ | पो.उ.म.न.पा.९, नयाँबजार, कास्की |
| ४६ | मुकुन्द शरण उपाध्याय | हेम्जा, कास्की |
| ४७ | बाबुराम जमरकट्टेल | ले.न.पा.८, शिशुवा, कास्की |
| ४८ | सरस्वती गुरुङ्ग | पो.उ.म.न.पा.१, बुद्धटोल बगर, कास्की |
| ४९ | सरस्वती सापकोटा | पो.उ.म.न.पा.१०, औद्योगिक क्षेत्र, कास्की |
| ५० | लक्ष्मी दवी गुरुङ्ग | पुम्दी भुम्दी गा.वि.स.१, कास्की |
| ५१ | राधादेवी मल्ल | पो.उ.म.न.पा.१, बगर, कास्की |
| ५२ | मोहनाथ त्रिपाठी | ले.न.पा.७,कास्की |
| ५३ | इन्द्र प्रसाद लम्साल | भरतपुर-१०, चितवन |
| ५४ | सृजना शर्मा पण्डीत | ले.न.पा. ७, कास्की |
| ५५ | ज्ञानु शर्मा तिवारी | भरतपुर-६, चितवन |
| ५६ | राधादेवी बास्तोला | ले.न.पा.८, कास्की |
| ५७ | कृष्ण प्रसाद काफ्ले | शिवनगर.९, चितवन |
| ५८ | कृष्ण बहादुर थापा क्षेत्री | पो.उ.न.पा.७, कास्की |
| ५९ | पम्फा गुरुङ्ग | पो.उ.न.पा, ८, कास्की |
| ६० | राजेश भट्टराई | ले.न.पा. ११, कास्की |
| ६१ | चित्र प्रसाद भट्टराई | ले.न.पा. ११, कास्की |
| ६२ | दिपक त्रिपाठी | ले.न.पा. ८, कास्की |
| ६३ | टेकनाथ भट्टराई | भरतपुर ४, चितवन |
| ६४ | कृष्ण प्रसाद बास्तोला | ले.न.पा.८, कास्की |
| ६५ | रुकमिना गुरुङ्ग | आर्थरर्डाडा ६, पर्वत |
| ६६ | लाल प्रसाद गुरुङ्ग | पो.उ.म.न.पा ८, कास्की |

# कामना विकास बैंक लिमिटेडको प्रबन्धपत्रमा प्रस्तावित संसोधन सम्बन्धी तीन महले विवरण

| साविकको व्यवस्था | प्रस्तावित संसोधन | कारण |
|---|---|---|
| २ (२) यस विकास बैंकको कारोवार गर्ने स्थान-१० जिल्ला भित्र हुनेछ। नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोवार गर्न सकिनेछ । कास्की, तनहुँ, चितवन, स्याङ्जा, लमजुङ, धादिङ, मकवानपुर, पर्सा, नवलपरासी र रुपन्देही गरी दश जिल्लामा यो विकास बैंक कार्यरत रहनेछ। | २ (२)यस विकास बैंकको कारोवार गर्ने स्थान नेपाल अधिराज्यभर रहनेछ। नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोवार गर्न सकिनेछ। | मर्जर पश्चात राष्ट्रिय स्तरको विकास बैंक बन्ने भएकोले। |
| ५ (क) विकास बैंकको अधिकृत पूँजी रु.६४ करोड मात्र हुनेछ। सो पूँजीलाई रु.१०० का दरका ६४,००,००० (चौंसठ्ठी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ। | ५ (क) विकास बैंकको अधिकृत पूँजी रु.१ अर्व मात्र हुनेछ । सो पूँजीलाई रु.१०० का दरका १,००,००,००० (एक करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ। | समय सापेक्ष पूँजी बृद्धि गर्न' पर्ने भएकोले। |
| (ख) विकास बैंकको जारी पूँजी रु.३४ करोड ११ लाख ९५ हजार ८ सय मात्र हुनेछ। सो पूँजीलाई रु.१०० का दरका ३४,११,९५८ (चौंत्तस लाख एघार हजार नौ सय अन्ठाउन्न) थान साधारण शेयरमा विभाजन गरिएको छ। | (ख) विकास बैंकको जारी पूँजी रु.६७ करोड ३७ लाख २४ हजार १ सय मात्र हुनेछ । सो पूँजीलाई रु.१०० का दरका ६७,३७,२४१ (सतसठ्ठी लाख सैंतिस हजार दुई सय एकचालीस) थान साधारण शेयरमा विभाजन गरिएको छ। | मर्जर पश्चात पूँजी बृद्धि ह'ने भएकोले। |
| (ग) विकास बैंकको चुक्ता पूँजी रु.३४ करोड ११ लाख ९५ हजार ८ सय मात्र हुनेछ। सो पूँजीलाई रु.१०० का दरका ३४,११,९५८ (चौंत्तस लाख एघार हजार नौ सय अन्ठाउन्न) थान साधारण शेयरमा विभाजन गरिएको छ। | (ग) विकास बैंकको चुक्ता पूँजी रु.६७ करोड ३७ लाख २४ हजार १ सय मात्र हुनेछ । सो पूँजीलाई रु.१०० का दरका ६७,३७,२४१ (सतसठ्ठी लाख सैंतिस हजार दुई सय एकचालीस) थान साधारण शेयरमा विभाजन गरिएको छ। | मर्जर पश्चात पूँजी बृद्धि ह'ने भएकोले। |

# नोट तथा टिप्पणी

# नोट तथा टिप्पणी

# व्यवस्थापन समूह

**उमेश कुमार आचार्य**
प्रमुख कार्यकारी अधिकृत

| | | |
|---|---|---|
| **टुवराज बाँस्तोला**<br>सहायक महा-प्रबन्धक | **विश्व राज अधिकारी**<br>प्रबन्धक/शाखा प्रबन्धक<br>(पोखरा शाखा) | **विष्णु प्रसाद गौतम**<br>सहायक प्रबन्धक<br>प्रमुख - सञ्चालन विभाग |
| **विकास ढुंगाना**<br>सहायक प्रबन्धक<br>प्रमुख - आन्तरिक लेखा परीक्षण विभाग | **हरिबहादुर बुढाथोकी**<br>शाखा प्रबन्धक<br>(मुख्य शाखा) | **शालिकराम अधिकारी**<br>शाखा प्रबन्धक<br>(सृजनाचोक शाखा) |
| **महेश अधिकारी**<br>शाखा प्रबन्धक<br>(डुम्रे शाखा) | **सुशिल भट्टराई**<br>शाखा प्रबन्धक<br>(नारायणगढ शाखा) | **विनोद भट्टराई**<br>शाखा प्रबन्धक<br>(खुरखुरे शाखा) |
| **सुनिल न्यौपाने**<br>शाखा प्रबन्धक<br>(दलदले शाखा) | **सञ्जय भण्डारी**<br>शाखा प्रमुख<br>(ढुङ्गेपाटन शाखा) | **विक्रम पराजुली**<br>शाखा प्रमुख<br>(शारदानगर शाखा) |

| | |
|---|---|
| **सञ्जय बराल**<br>प्रमुख सूचना प्रविधि | **रवीचन्द्र तिमिल्सेना**<br>शाखा प्रमुख<br>(बाइसजाँगर शाखा) |







KAMANA BIKASH BANK Ltd.

कामना विकास बैंक लि.

(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था १० जिल्ला कार्य क्षेत्र भएको)


**केन्द्रीय कार्यालय : पोखरा-८, सृजनाचोक, कास्की**

**फोन नं. : ०६१-५३९६७२, ५३९६७३**

**फ्याक्स नं. : ०६१-५३७४९९**


## शाखा कार्यालयहरु :

**मुख्य शाखा कार्यालय**: **लेखनाथ-७, कास्की** फोन : ०६१-५६०३००, ५६०७०० फ्याक्स : ५६०४९९
**शाखा कार्यालयहरु** : **पोखरा-४, चिप्लेढुंगा, कास्की** फोन : ०६१-५२८२०२ फ्याक्स : ५२८४९९, **बन्दीपुर-१, डुम्रे, तनहूँ** फोन : ०६५-५८०१८५ फ्याक्स : ५८०१३१, **पोखरा-८, सृर्जनाचोक, कास्की** फोन : ०६१-५३२८१५ फ्याक्स : ५२५३१४, **भरतपुर-४, नारायणगढ, चितवन** फोन : ०५६-५७०२०७ फ्याक्स : ५७०२०८, **लेखनाथ-१२, ढुङ्गे पाटन, कास्की** फोन : ०६१-५६१७३८ फ्याक्स : ५६१७४९, **विरेन्द्रनगर-३, खुरखुरे, चितवन** फोन : ०५६-५८३७५१ फ्याक्स : ५८३७५२, **शारदानगर, चितवन** फोन : ०५६-५९२२०८ फ्याक्स : ५९२४०९, **दलदले, नवलपरासी** फोन ०७८-५७५५६५ फ्याक्स : ५७५५६६, **बाईस जाँगर**, तनहूँ, फोन : ९९३६५१०४०